रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. :
प.सं. :०८३/०८४

सूचना नं.- ४९

मनोसामाजिक परामर्शकर्ता पदमा सेवा करार सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८३/०८/०४)

रुरुक्षेत्र गाउँपालिकाको लागि **सुरक्षित आप्रवासन (सामी)** कार्यक्रम अन्तरगत तपसिलको पदमा कर्मचारी सेवा करारमा नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त बापतको दस्तुर रु. ५००/-(अक्षरुपी पाँच सय) यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक बलेटक्सारमा रहेको आन्तरिक राजस्व खाता नं. २९००१४००००००२४ मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयमा नगद जम्मा गरेको नगदी रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

विज्ञापन नं. : ०३/०८३-०८४
पदः मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)
संख्याः १ (एक)
योग्यताः • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ उत्तीर्ण गरेको । • मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई प्राथमिकता दिइनेछ । • दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको । • प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । • नेपाली र अंग्रेजी दुबै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।

आवेदन साथ उम्मेद्वारले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, समकक्षता आवश्यक भएमा सोको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

छनौटको किसिमः लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

थप जानकारीको लागि सम्पर्क : ९८५७०१८५१४

२०८३।०८।०४

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत